# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ सङ्ख्या : ३ मिति : असार ३१, २०८०


## भाग - १

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरीएको छ ।

## नगर शिक्षा (पहिलो संशोधन) ऐन, २०८०

नगर सभाबाट स्वीकृत मितिः २०८०।०३।११

उर्लाबारी नगरपालिकाको नगर शिक्षा ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, उर्लाबारी नगर सभाले देहायको ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "उर्लाबारी नगर आधारभूत तथा माध्यमिक शिक्षा (पहिलो संशोधन) ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. उर्लाबारी नगर आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७९ को दफा ६१ मा संशोधनः** उर्लाबारी नगर आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७९ (यसपछि "मूल ऐन" भनिएको) को दफा ६१ को उपदफा २ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ ।

"(छ) नगरपालिकाभित्र रहेका सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरुमध्ये २ जना - सदस्य"

**३. "मूल ऐन" को दफा ६१ मा संशोधनः** "मूल ऐन" को दफा ६१ को उपदफा २ को खण्ड (ज) र (झ) झिकिएको छ ।

**आज्ञाले,**

**मुरारी प्रसाद घिमिरे**

**नि. प्रमुख प्रशासकीय अधिकृत**

*मूल्य रु. ५।-*